# National News

# 15/4/2024

<u>प्रमुख समाचार</u>

- भारतीय राष्ट्रिय राजमार्ग प्राधिकरणद्वारा राष्ट्रिय कार्यशाला आयोजित
- लोकसभा चुनाउका लागि प्रमुख राजनीतिक दलका शीर्ष नेताहरू चुनाउ प्रचारमा व्यस्त
- श्री अनुराग ठाकुरको तृणमूल कंग्रेसमाथि पश्चिम बंगालमा मानिसहरूमा केन्द्र सरकारका योजनाको लाभ पुग्न नदिएको आरोप
- सुश्री ममता ब्यानर्जीले भाजपामाथि लगाउनुभयो मानिसहरूलाई दिगभ्रमित पारेको आरोप
- श्री अमित शाहले भन्नुभयो, मोदी नेतृत्वाधिन NDA सरकार त्रिपुरालाई विकसित राज्य बनाउनमाथि प्रतिबद्ध

- <u>NHAI</u>

भारतीय राष्ट्रिय राजमार्ग प्राधिकरण (NHAI)-ले आज नयाँ दिल्लीमा पर्यावरण अनुकूल शमन उपायसहित पर्यावरण तथा वन स्विकृतिमाथि एक दिवसीय राष्ट्रिय कार्यशालाको आयोजना गऱ्यो। कार्यशालाको उद्देश्य पर्यावरण अनुकूल प्रथाको उपयोग गर्ने देशको राष्ट्रिय राजमार्गको आधारभूत पूर्वाधारको विस्तारका लागि एउटा ठोस आधार तयार गर्नु हो। यसमा देशभरिमा पर्यावरण अनुकूल राजमार्ग आधारभूत पूर्वाधारको निर्माणका लागि परियोजना स्विकृति र शमन रणनीतिसित सम्बन्धित मुद्दामाथि विचार-विमर्श भयो।

NHAI-का अध्यक्ष श्री सन्तोष कुमार यादवले कार्यशालालाई सम्बोधन गर्दै टिकाऊ आधारभूत पूर्वाधारको निर्माणप्रति NHAI-को प्रतिबद्धता दोहोऱ्याउँदै वन्यजीव करिडोर, अमृत सरोवर, वृक्षारोपण अभियान र हरित राष्ट्रिय राजमार्गको निर्माणमा अपशिष्ट पदार्थको उपयोग जस्ता पहलमाथि प्रकाश पार्नुभयो।

कार्यशालालाई सम्बोधन गर्दै वन महानिदेशक श्री जितेन्द्र कुमारले अन्तर विभागीय सहयोगमा सुधार गर्नका साथै राजमार्ग निर्माणमा हरित प्रथाहरू अपनाउने दिशामा एउटा ठोस मानचित्र बनाएर योजना प्रक्रियामा गती ल्याउनमाथि जोड दिनुभयो।

-------------------------------------X-------------------------------------

- Kerala Election

लोकसभा चुनाउका लागि केरलमा छब्बीस अप्रेलमा हुने दोस्रो चरणको मतदानलाई ध्यानमा राख्दै प्रमुख राजनीतिक दलका शीर्ष नेताहरू चुनाउ प्रचारका लागि राज्यको भ्रमण गरिरहेछन्। प्रधानमन्त्री तथा वरिष्ठ भाजपा नेता श्री नरेन्द्र मोदीले अलाथुर आरक्षित निर्वाचन क्षेत्रको चेरुवत्तानीमा एउटा जनसभालाई सम्बोधन गर्दै वामपन्थी सरकारमा दक्षिणी राज्यमा केन्द्रको विकास योजनामा बाधा पुगेको आरोप लगाउनुभयो। उहाँले भन्नुभयो, भाजपाको प्राथमिकता आम मानिसहरू, विशेषगरी गरीबहरूको कल्याण सुनिश्चित गर्नु हो। श्री मोदीले भन्नुभयो, आगामी आम चुनाउले देशको उज्ज्वल भविष्यको मार्ग प्रशस्त गर्नेछ। भाजपाको चुनावी घोषणा पत्रले देश विकासको आकांक्षालाई दर्शाउँदछ। कंग्रेसले भारतलाई एउटा कमजोर राष्ट्रको रूपमा प्रस्तुत गऱ्यो, त्यहीँ भाजपाले यसलाई दह्रिलो बनायो।

श्री मोदीले भन्नुभयो, भाजपा सत्तामा आएको खण्डमा केरलको विरासतलाई वैश्विक मानचित्रमा राख्ने कुराको सुनिश्चित गर्नेछ। उहाँले भन्नुभयो, पार्टीले राज्यको समग्र विकासका लागि अथक प्रयास गरिरहनेछ। प्रधानमन्त्रीले आज अट्टिंगल निर्वाचन क्षेत्रमा एउटा जनसभालाई सम्बोधन गर्नुभयो।

यसैबीच, वायनाड लोकसभा क्षेत्रमा कंग्रेस नेता श्री राहुल गान्धीले बथेरीमा एउटा रोड शोमा भाग लिनुभयो।

--------------------------------------X--------------------------------------

- Anuraj Siliguri

भारतीय जनता पार्टीका नेता तथा केन्द्रिय मन्त्री श्री अनुराग सिंह् ठाकुरले दार्जीलिङ लोकसभा सीटबाट पार्टीका उम्मेदवार श्री राजु विष्टको समर्थनमा कलेबुङमा आज एउटा जनसभालाई सम्बोधन गर्दै सत्तारूढ तृणमूल कंग्रेसमाथि पश्चिम बंगालमा आम मानिसहरूमा केन्द्र सरकारका योजनाहरूको लाभ पुग्न नदिएको आरोप लगाउनुभयो। श्री ठाकुरले आश्वासन दिनुभयो कि यदि भाजपा सत्तामा आएको खण्डमा दार्जीलिङमा खेल सम्बन्धी आधारभूत पूर्वाधारको विकासमाथि केन्द्र सरकारले ध्यान दिनेछ। यसअघि, उहाँले पार्टीका नेता श्री विष्टको उपस्थितिमा सिलगढ़ीमा व्यापारी समुदायसित कुराकानी गर्नुभयो।

श्री ठाकुरले भ्रष्टाचारलाई लिएर तृणमूल कंग्रेसको आलोचना गर्दै भन्नुभयो, ममता ब्यानर्जी नेतृत्वाधिन पश्चिम बंगालको सत्तारूढ़ पार्टीले राज्यवासीको उपेक्षा गरिरहेछ। सिलगढ़ीको बागडोगरा विमानास्थलमा पत्रकारहरूसित कुराकानी गर्दै उहाँले भन्नुभयो, तृणमूल कंग्रेसले केन्द्रिय योजनाहरूमाथि बाधा पुऱ्याइरहेछ। श्री ठाकुरले उत्तर बंगालको चिया बागानका श्रमिकहरूको दयनीय अवस्थामाथि पनि चिन्ता व्यक्त गर्नुभयो। आज पश्चिम बंगाल पुगेपछि श्री ठाकुरले खेल संगठनका प्रतिनिधिहरूसित पनि भेट गर्नुभयो।

--------------------------------------X--------------------------------------

- <u>WB Mamta</u>

तृणमूल कंग्रेसकी वरिष्ठ नेता तथा पश्चिम बंगालकी मुख्यमन्त्री सुश्री ममता ब्यानर्जीले भाजपामाथि मानिसहरूलाई दिगभ्रमित पारेको आरोप लगाउनुभएको छ। उहाँले कूचबिहार लोकसभा क्षेत्रको रासलीला मैदानमा एउटा जनसभालाई सम्बोधन गर्नुभयो। सुश्री ब्यानर्जीले भन्नुभयो, तृणमूल कंग्रेस सरकारले मानिसहरूको भलाईका लागि सबैथोक गरेको छ। उहाँले भन्नुभयो, सरकारले राजबंशी समुदायको हितमा विभिन्न योजनाहरू र विकास परियोजनाहरू लागू गरेको छ।

--------------------------------------X--------------------------------------

- <u>Tripura Election</u>

केन्द्रिय गृह मन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठल नेता श्री अमित शाहले आज भन्नुभयो कि नरेन्द्र मोदी नेतृत्वाधिन राष्ट्रिय गणतान्त्रिक गठबन्धन सरकार त्रिपुरालाई विकसित राज्य बनाउनमाथि प्रतिबद्ध छ।
श्री शाहले त्रिपुराको उनाकोटि जिल्लाको कुमारघाटमा एउटा चुनावी सभालाई सम्बोधन गर्दै भन्नुभयो, श्री नरेन्द्र मोदीले जनजातीय समुदायको सम्मान, सुरक्षा र समावेशी विकासका लागि विभिन्न विकास योजनाहरू लागू गर्नुभएको छ। उहाँले भन्नुभयो, स्वतन्त्रताको पचतर वर्षपछि आदिवासी समुदायबाट एकजना महिलालाई देशकी राष्ट्रपति बनाइएको छ।

--------------------------------------X--------------------------------------

- <u>Karnataka Foreign Minister</u>

विदेश मन्त्री डाक्टर सुब्रमण्यम जयशंकरले भन्नुभएको छ, केवल अनुभवी नेताको प्रयासबाट राष्ट्रिय प्रगति हासिल गर्न सकिन्छ। उहाँले भन्नुभयो, अनुभवी नेतासित साहसपूर्ण पहल, व्यापक सोच, वैश्विक सुझ-बुझ, सम्मान र ग्यारेन्टी पूरा गर्ने रिकर्ड तथा निर्धन र युवावर्गको आकांक्षा पूरा गर्ने सामर्थ्य हुँदछ।
बेंगलुरूमा आज मिडियालाई सम्बोधन गर्दै डाक्टर जयशंकरले भन्नुभयो, पूर्ण बहुमत भएको सरकार र प्रधानमन्त्री श्री नरेन्द्र  मोदी जस्ता भावी सोच भएका नेताले नै राष्ट्रिय प्रगतिलाई सदैव प्राथमिकता दिँदछन्। लाल सागर र अरब सागरमा यूक्रेन तथा गजा पट्टीबीच आमने-सामनेको उल्लेख गर्दै डाक्टर जयशंकरले भन्नुभयो, कुनै पनि नेता जो श्री मोदी जस्तो सशक्त पदमा हुन्छन् भने त्यो भारतका लागि सहायक साबित हुनसक्छ।

--------------------------------------X--------------------------------------

- Nagpur VP

उपराष्ट्रपति श्री जगदीप धनखड़ले भन्नुभएको छ, कृत्रिम बुद्धिमता अर्थात आर्टिफिशियल इन्टिलिजेन्स र उन्नत एनालिटिक्स जस्ता नयाँ प्रौद्योगिकीबाट कर प्रणालीमा सुधारसितै कर चोरीमा अंकुश लगाउनमा सहयोग प्राप्त भइरहेछ। यसबाट करदाताको कर प्रणालीमा विश्वास बढ्दछ र अधिकभन्दा अधिक मानिसले करको भुगतान गर्दछन्। श्री धनखड़ आज नागपुरमा राष्ट्रिय प्रत्यक्ष कर अकादमी (NADT)-मा भारतीय राजस्व सेवा (IRS)-को छ्यातरौं ब्याचको प्रशिक्षण सत्रको समापन समारोहलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। यस अवसरमा महाराष्ट्रका राज्यपाल श्री रमेश बैस तथा केन्द्रिय प्रत्यषक्ष कर बोर्ड (CBDT)-का अध्यक्ष श्री नितिन गुप्ता पनि उपस्थित हुनुहुन्थ्यो।

--------------------------------------X--------------------------------------

- Sikkim Election

सिक्किममा लोकसभाको एउटा र राज्य विधानसभाका बत्तीसवटा सीटका लागि चुनाउ प्रचारले तीव्रता पक्रिएको छ। सत्तारूढ सिक्किम क्रान्तिकारी मोर्चा (SKM), विपक्षी दल सिक्किम प्रजातान्त्रिक मोर्चा (SDF), भारतीय जनता पार्टी, कंग्रेस र नवगठित सिटिजन एक्शन पार्टी राज्यभरि मतदाताहरूबाट समर्थन प्राप्त गर्ने भरपूर प्रयास गरिरहेछन्। राज्यमा यसै महिनाको उन्नाइस तारिक मतदान हुनेछ।

यसैबीच, आज सत्तारूड़ सिक्किम क्रान्तिकारी मोर्चाको चुनाउ प्रचार कार्यक्रम राज्यस्तरीय जन समर्थन महासभा नाम्ची जिल्लास्थित जोरथाङको खेल मैदानमा आयोजन गरियो। जनसभामा मुख्यमन्त्री एवं पार्टी अध्यक्ष श्री प्रेमसिंह तामाङले सम्बोधन गर्नुभयो। यसरी नै हिजो पार्टीले गेजिङ जिल्लाको पेचरेक डाँडादेखि बरमेक बजारसम्म ऱ्याली निकाल्यो। अर्कातिर, सिक्किम प्रजातान्त्रिक मोर्चा पार्टी अध्यक्ष एवं पूर्व मुख्यसमन्त्री पवन चामलिङले आइतबार गान्तोकमा प्रचार अभियान र ऱ्यालीलाई सम्बोधन गर्नुभयो।

--------------------------------------X--------------------------------------

- EC Record Seizure

प्रवर्तन एजेन्सीहरूले लोकसभाको पहिलो चरणको चुनाउभन्दा अघि चार हजार छह सय पचास करोड़ रूपियाँको रेकर्ड राशि जफ्त गरेको छ। निर्वाचन आयोगले भनेको छ, गत लोकसभा चुनाउअवधि तीन हजार चार सय पचतर करोड़ रूपियाँको राशि जफ्त गरिएको थियो। आयोगले भनेको छ, चुनाउअघि जफ्त गरिएको कुल राशिको पैंतालीस प्रतिशत मादक पदार्थको रूपमा जफ्त गरिएको छ। आयोगअनुसार यो राशि विभिन्न एजेन्सियहरूबीच तालमेल, व्यापक योजना र मानिसहरूको सक्रिय सहभागिताका

कारण जफ्त गरिएको हो। यस वर्ष पहिलो मार्चदेखि प्रति दिन एक करोड रूपियाँको राशि जफ्त गरिएको छ।

आयोगले भनेको छ, यस कार्यवाहीबाट भ्रष्टाचारमा अंकुश लगाउन र सबै दललाई समान अवसर उपलब्ध गर्ने आयोगको प्रतिबद्धता थाहा लाग्दछ। आदर्श आचार संहिताको उल्लंघन गरेर नेताहरूको सहयोग गर्ने एक सय छह सरकारी कर्मचारीहरू विरूद्ध पनि आयोगले कडा कार्यवाही गरेको छ।

---------------------------------------X---------------------------------------

- HP Foundation Day

हिमाचल प्रदेशले आज आफ्नो सतातरौं स्थापना दिवस पालन गऱ्यो। आजकै दिन पन्द्र अप्रेल 1948-मा हिमाचल प्रदेश राज्य अस्तित्वमा आएको थियो। यसपछि एक जुलाई 1956-मा केन्द्रशासित प्रदेश बनेको हिमाचल प्रदेशलाई पच्चीस जनवरी 1971-मा पूर्ण राज्यको दर्जा दिइयो।

---------------------------------------X---------------------------------------